<u>बैठक संख्याः</u>

आज मिति २०८३/०४/२८ गतेका दिन माडी गाउँपालिकाका अध्यक्ष श्री अमरसिंह घर्तीमगर ज्यूको अध्यक्षता एवं तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी देहायका विषयमाथि छलफल गरी देहायका निर्णयहरु गरियो।

<u>उपस्थितिः</u>

| क्र.स. | नाम/थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री अमरसिंह घर्तीमगर | अध्यक्ष | 9857824706 | |
| २ | श्री जयपुरी घर्तीमगर | उपाध्यक्ष | 9868608030 | जयपुरी |
| ३ | श्री रोहित सिंह घर्तीमगर | सदस्य | 9849354579 | |
| ४ | श्री ललित घर्तीमगर | सदस्य | 9857824148 | |
| ५ | श्री बल बहादुर बुढामगर | सदस्य | 9841879448 | |
| ६ | श्री रेग बहादुर मल्ल | सदस्य | 9748720756 | |
| ७ | श्री तेजेन्द्र बुढामगर | सदस्य | 9857860344 | |
| ८ | श्री खर्क बहादुर पुन | सदस्य | 9857842675 | |
| ९ | श्री इन्द्र बहादुर सिटिमहर | सदस्य | 9806239748 | |
| १० | श्री ओसे कामी | सदस्य | 9844903920 | |
| ११ | श्री धनमाया घर्तीमगर | सदस्य | 9866504575 | |
| १२ | श्री जय कुमारी कुमाकी | सदस्य | 9865594151 | |
| १३ | श्री वरमाली कुमारी बुढा | सदस्य | 9868671440 | |
| १४ | सुरज राना | सदस्य सचिव | 9857824601 | |
| १५ | कविराम घर्ति | का.बा.अ. | ९८६९९८२५१६ | |
| १६ | लालसरी पुन्यार | का.बा.अ. | ९७६१८३६८२६ | लालचनी |

लुद्र बहादुर का. बा. अ. ९८४०००९९४४

<u>आमन्त्रितः</u>

१.कृष्ण बहादुर घर्ति - स.प्र.अ

## मिति २०८३।०४।२८ गतेका प्रस्ताव तथा निर्णयहरु

**प्रस्ताव नं. १:** आर्थिक वर्ष २०८३।०८४ योजना कार्यान्वयन सम्बन्धमा।

**निर्णय नं: १** आ.व.२०८३/२०८४ मा स्वीकृत भएका योजना तथा कार्यक्रम कार्यान्वय गर्ने । उपभोक्ता समितिबाट संचालन हुने १० लाख सम्म लागत अनुमान भएका योजनाहरुको असोज मसान्त सम्म अनिवार्य रुपमा सम्झौक्ता गर्ने र अन्य उपभोक्ता समितिबाट संचालन नहुने र १० लाख देखि माथि लागत अनुमान हुने योजनाहरुको लागत अनुमान तयार गरी E-Bidingवा उपयुक्त खरिद प्रक्रियाबाट खरिद कार्य अगाडि बढाउने निर्णय गरियो । सम्झौता नभएका वा कार्यान्वयनमा विवाद सिर्जना भएका कार्यक्रम तथा आयोजनाको हिउदे अधिवेशनबाट अनिवार्य रुपमा रुकमान्तर गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.२ :** दररेट स्वीकृत सम्बन्धमा ।

**निर्णय नं २:** आर्थिक वर्ष २०८३/०८४ मा यस गाउँपालिकाबाट सञ्चालन हुने निर्माण तथा पूर्वाधारसम्बन्धी कार्यहरूको लागत अनुमान तयार गर्दा **रोल्पा जिल्लाको आ.व. २०८३/०८४ को स्वीकृत जिल्ला दररेट** बमोजिमनै गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३: औषधि तथा कार्यालय सामग्री/मसलन्द खरिद सम्बन्धमा ।**

**निर्णय नं ३:** औषधि तथा कार्यालय सामग्री/मसलन्द खरिद गर्दा प्रचलित सार्वजनिक खरिद कानून तथा स्वीकृत खरिद योजना बमोजिम आवश्यकतानुसार E-Bidding (e-Bid) प्रक्रियाबाट खरिद गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.४ :** नगर प्रहरी पदपूर्ति सम्बन्धमा ।

**निर्णय नं ४:** माडी गाउँपालिकामा **नगर प्रहरी जवान पदमा २ (दुई) जना खुला प्रतियोगितात्मक प्रक्रियाबाट पदपूर्ति गर्न विज्ञापन प्रकाशन गरी पदपूर्ति प्रक्रिया अघि बढाउने निर्णय गरियो।**

**प्रस्ताव नं.५ : कभर्ड हल भाडाँमा लगाउने सम्बन्धमा ।**

**निर्णय नं ५:** यस गाउँपालिका अन्तर्गत २ नं वडा घर्तिगाउँमा रहेको यस गाउँपालिकाले निर्माण गरेको कबर्ड हललाई वि.स.२०८५ असार मसान्त सम्मका लागि भाडामा दिनका लागि ठेक्का प्रक्रियाबाट भाडाँमा दिने निर्णय गरियो।

अमरसिंह घर्तीमगर
गा.पा. अध्यक्ष

Scanned with CamScanner

**प्रस्ताव नं. ६:** ल्याब असिष्टेण्ट टेक्निसिय पदको पदपुर्तिका लागि विज्ञापन आह्वान सम्बन्धमा।

**निर्णय नं ६:** तालावाङ् स्वास्थ्य चौकीमा रिक्त रहेको ल्याब असिष्टेण्ट टेक्निसिय पद को खुला रुपमा पदपुर्तिका लागि विज्ञापन आह्वान गरि सेवा करारमा हाललाइ मासिक तलवभत्ता सुविधा रु हुनेगरी रिक्त पदको पदपूर्ति गर्ने। उक्त पदको लागि लुम्बिनी प्रदेश लोकसेवा आयोगले निर्धारण गरेको उक्त पदको पाठ्यक्रम अनुसार परीक्षा सञ्चालन गर्ने। साथै ४ नं. वडा कार्यालयको लागि खुला रुपमा श्रेणी विहिन कार्यालय सहयोगी विज्ञापन प्रकाशन गरी पदपुर्ति गर्नका लागि पदपुर्ति समितिलाई जिम्मा दिने निर्णय गरियो।

**प्रस्ताव नं. ७:** WASH PLAN निर्माण गर्ने सम्बन्धमा।

**निर्णय नं७:** यस माडी गाउँपालिका संचालन भएको वास कार्यक्रमलाई थप व्यवस्थित गरी परिचालन गर्न WASH PLAN निर्माण गर्ने निर्णय गरियो।

**प्रस्ताव ८: भुक्तानी बाँकी योजना तथा कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं.:८** चालु आ.व. २०८२/०८३ मा स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भई रकम अपुग वा विविध कारणले भुक्तानी बाँकी रहेका देहायका योजना तथा कार्यक्रमहरूको **म.ले.प. फाराम नं. २२१ बमोजिम विवरण तयार गरी आ.व. २०८३/०८४ को स्वीकृत बजेट तथा प्रचलित कानूनबमोजिम, प्रमाणित दायित्व कायम भएमा भुक्तानी दिने** निर्णय गरियो।

| क स | कार्यक्रमको नाम | बाँकी भुक्तानी रकम रु | भुक्तानी पाउनेको नाम | भुक्तानी बाँकी हुनुको कारण | भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय रोजगार कार्यक्रम | ९,६३,६१२ | रोजगार सूचीका कामदार | आन्तरिक श्रोतमा रकम अभाव तथा राजस्व वाडफाड हुन नसक्नु | सम्बन्धि शिर्षकवाट तत्काल भुक्तानी गर्ने तथा हिउदे अधिवेशनवाट थप गरी स्रोत भर्ना गर्ने |
| २ | शिक्षण सिकाइ अनुदान ८ विद्यालय | २४,०५,१४५ | विद्यालयका शिक्षक | आन्तरिक श्रोतमा रकम अभाव | |
| ३ | स्वास्थ्य कर्मीको असार महिनाको तवल भत्ता | ११,५६,८९९ | स्वास्थ्य कर्मी २७ जना | रकम अपुग | |
| ४ | कार्यलयको जेनेटर मर्मत वापत | ६,४०० | नेपाल अटो वर्कशप | शिर्षकमा बजेट अपुग | |
| ५ | छडके ढुङ्गा खानेपानी आयोजना वडा १ | ४,५२,४३६ | भूमिका निर्माण सेवा | रकम अपुग | हिउदे अधिवेशनवाट शिर्षक तथा स्रोत व्यव्था गरी भुक्तानी दिने |
| ६ | झोलुङ्गे पूल निर्माण वडा न ५ र ६ | ७,६७,६२६ | s.K. इन्जिनियरिङ | रकम अपुग | |

अमरसिंह घर्तीमगर
गा.पा. अध्यक्ष

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | स्वास्थ्य चौकी क्वाटर मर्मत | ५२,०३५ | जिएम हार्डवेयर | शिर्षकमा बजेट अपुग | |
| ८ | कार्यालय विविध सामाग्री खरिद वापत | १,२२,२१० | जिएम सप्लायर्स | शिर्षकमा बजेट अपुग | |
| ९ | डिजेल पेट्रोल खरिद | १,५८,४७२ | जलजला आयल ट्रेडर्स | शिर्षकमा बजेट अपुग | |
| १० | डिजेल पेट्रोल खरिद | २,३५,७२० | जि एम सप्लायर्स | बजेट अपुग | |
| ११ | मृगौला सम्बन्धि क्यान्सर तथा पक्षपात सम्बन्धि रोगको विरामी खर्च | ७३५००० | पीडित विरामी | समयमै बजेट निकासा हुन नसकेको | |
| | | ५८,९८,६५६ | | | |
| कुल रु अन्ठाउन्न लाख अन्ठानब्बे हजार छ सय छपन्न मत्र | | | | | |

नोट आर्थिक वर्ष ०८२।०८३मा ६ वटै वडामा पहिरो तथा वाटो सरसफाइको मेसिन तथा इन्धनको भुक्तानी रकम विवादले एकिन हुन नसकेको तथा भुक्तानी वाकी रहेको छ। साथै इलाका प्रशासन कार्यालयको जग्गा नजिक वाटो परिवर्तन गरी वाटो निर्माणको समेत प्रक्रिया तथा रकम एकिन हुन नसकि भुक्तानी वाँकी रहेको छ।

**आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालित तपशिल बमोजिम आयोजनाको भुक्तानी वाकी रहेको**

| **क स** | **कार्यक्रमको नाम** | **बाँकी भुक्तानी रकम रु** | भुक्तानी पाउनेको नाम | **भुक्तानी बाँकी हुनुको कारण** |
|---|---|---|---|---|
| १ | पुल्वाङ धुरी युद्ध पर्यटन क्षेत्र निर्माण योजना ठेक्का न MRM/Works/NCB/04-2081/082 | ११७४९३६ | श्री ट्रियू डायमण्ड निर्माण सेवा प्रालि | नाप जाँच मूल्याङ्कन तथा दोहोरोपन लगायत समस्या भएकोले विस्तृत छानविन गर्नुपर्ने। |

अमरसिंह घर्तीमगर
गा.पा. अध्यक्ष

Scanned with CamScanner

**प्रस्ताव नं. ९:** स्वास्थ्य तर्फको विशेष अनुदानको वाडफाँड सम्बन्धमा ।

**निर्णय नं ९:** संघीय सरकार वाट आर्थिक वर्ष २०८३/०८४ का लागि विशेष अनुदान अनुसार प्राप्त १ करोड रुपैया तपशिल बमोजिम वाडफाँड गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम/क्षेत्र | प्रस्तावित रकम |
|---|---|---|
| १ | तालावाङ्ग स्वास्थ्य चौकी भवन स्तरउन्नति | रु. २०,००,००० |
| २ | अन्य स्वास्थ्य संस्थाको पूर्वाधार विकास | रु. १४,००,००० |
| ३ | दुर्गम बस्ती लक्षित घुम्ती स्वास्थ्य शिविर (मधुमेह/रक्तचाप परीक्षण, ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण) | रु. ९,००,००० |
| ४ | औषधि खरिद | रु. १५,००,००० |
| ५ | स्वास्थ्य संस्थाको सेवा गुणस्तर सुधार तथा अत्यावश्यक उपकरण खरिद | रु. १५,००,००० |
| ६ | घर्तीगाउँ आयुर्वेद स्तरउन्नति तथा पूर्वाधार सुधार | रु. ५,००,००० |
| ७ | किशोरी/किशोरी महिला पाठेघर परीक्षण तथा उपचार स्वास्थ्य कार्यक्रम | रु. ४,००,००० |
| ८ | स्वास्थ्यसम्बन्धी जनचेतना, व्यवहार परिवर्तन तथा समुदाय परिचालन | रु. ३,००,००० |
| ९ | कार्यक्रम अनुगमन, तथ्याङ्क व्यवस्थापन तथा मूल्याङ्कन | रु. २,००,००० |
| १० | स्वास्थ्यकर्मीका लागि तालिम तथा प्रशिक्षण कार्यक्रम | रु. ३,००,००० |
| ११ | विशेषज्ञ स्वास्थ्यकर्मी वा अन्य स्वास्थ्यकर्मी नियुक्ति तलव भत्ता | रु. १०,००,००० |
|  | **जम्मा** | **रु. १,००,००,०००** |

अमरसिंह घर्तीमगर
गा.पा. अध्यक्ष

Scanned with CamScanner